# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चकचकी, झापा

१ नं. प्रदेश नेपाल

प.सं. ०७७/७८
च.नं.

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

(प्रकाशन मिति २०७७/१२/०६ गते)

यस बाह्रदशी गाउँपालिकाको कार्यालयको लागि चालु आ.व.२०७७/०७८ कालागि आवश्यक पर्ने तपसिल बमोजिमको समाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक रजिष्टर्ड संघ/संस्था/निर्माता/कम्पनी/फर्म तथा सप्लायर्सहरुबाट निम्न बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विवरण | आवश्यक संख्या | धरौटी रकम | दरभाउपत्र दस्तुर | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३" को PVC PIPE | २० थान | कबोल अङ्कको ५% ले हुन आउने रकम | १,०००।– | दरभाउपत्र | |
| २ | १.५" को मोटर सेट | २६ थान | कबोल अङ्कको ५% ले हुन आउने रकम | १,०००।– | दरभाउपत्र | |
| ३ | २" को मोटर सेट | ५२ सेट | कबोल अङ्कको ५% ले हुन आउने रकम | १,०००।– | दरभाउपत्र | |

### शर्तहरु

१. तपसिलमा उल्लेखित दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको सक्कल रसिद कम्पनी/फर्म वा सप्लायर्सहरुले फर्म दर्ता, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्ममा कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ।खरिद भएको दरभाउपत्र सम्बन्धि कागजात यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेसम्म यस कार्यालयको नाममा सम्बोधन गर्न दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई लाहाछापद्वारा सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

२. दरभाउपत्र सम्बन्धि कागजातमा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भर्नुपर्नेछ। प्राप्त भएका दरभाउपत्रहरु अन्तिम पेश गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खोलेको दिन सोहि बमोजिम हुनेछ।

४. दरभाउपत्र जमानत यस कार्यालयको नाममा माछापुच्छ्रे बैंक लि. राजगढको धरौटी खाता नं. ८५०१५२४८७०५०००४१ नं. मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।बैक मार्फत दरभाउपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ।

५. दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि कर बाहेक र मूल्य अभिबृद्धि कर सहितको दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्रमा अङ्क र अक्षर दुवैमा स्पष्ट लेखि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ।

६. नक्कली कागजात पेश गरि वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालो सूचीमा समावेश सम्बन्धित निकायमा सिफारीस गरिनेछ। म्याद नाघि आएको, रीत नपुगेको र सशर्त पेश भएको दरभाउपत्रहरु मान्य हुने छैन।

७. आफुले सप्लाई गर्ने समाग्री यसै साथ संलग्न स्पेशिफिकेशन बमोजिम हुनु पर्नेछ।

८. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ। यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

९. यो सूचनाकको विस्तृत विवरण र स्पेशिफिकेशन यस कार्यालयको वेभसाइट www.bahradashimun.gov.np मा हेर्न सकिनेछ।

............................
प्रमुख प्रशासकीय अधिकृत

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत